Siddhartha Bank Ltd.
Head Office
Naxal, Kathmandu, Nepal
P.O.Box: 13806
Phone: +977 1 5970720
info@sbl.com.np
SWIFT:SIDDNPKA
www.siddharthabank.com

SiddharthaBank

20 YEARS OF VALUING RELATIONSHIP

च.नं. 52/SH/080/081

मिति: २०८०/०९/०८

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड,
सिंहदरबार प्लाजा, काठमाडौं ।

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

श्री नेपाल राष्ट्र बैंक,
बैंक तथा वित्तीय संस्था नियमन विभाग,
बालुवाटार, काठमाडौं ।

श्री नेपाल राष्ट्र बैंक,
बैंक तथा वित्तीय संस्था सुपरिवेक्षण विभाग,
दरबारमार्ग, काठमाडौं ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड,
पुतलीसडक, काठमाडौं ।

**विषयः बाइसौं वार्षिक साधारण सभाको निर्णय बारे ।**

महोदय,

उपरोक्त सम्बन्धमा मिति २०८० मंसिर महिना ५ गते मंगलबार (तद्अनुसार २१ नोवेम्बर, २०२३) मा सम्पन्न यस बैंकको बाइसौं वार्षिक साधारण सभाबाट पारित निम्न विवरणहरु तहाँको जानकारी तथा अभिलेखका लागि यसै निवेदनका साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

**संलग्न :**

१. बाइसौं वार्षिक साधारण सभाको निर्णय पुस्तिका (माइन्युट) ।
३. बाइसौं वार्षिक साधारण सभाबाट पारित बैंकको वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन ।

भवदीय,

SiddharthaBank

लक्ष्मण घिमिरे
कम्पनी सचिव

Excellence in Driving Innovation
Awarded by: VISA
Best Operation Bank South Asia 2021
Awarded by: IFC International Finance Corporation WORLD BANK GROUP
Creating Markets, Creating Opportunities
"A" Class Institution Licensed by Nepal Rastra Bank

**सिद्धार्थ बैंक लिमिटेडको**
**बाइसौं वार्षिक साधारण सभाको**
**कामकारवाहीको विवरण (माइन्यूट)**

१. **सभाको काम कारवाही:**

मिति २०८० साल मंसिर महिना ०५ गते तद्नुसार २१ नोवेम्बर, २०२३, मंगलबारका दिन यस सिद्धार्थ बैंक लिमिटेडको बाइसौं वार्षिक साधारण सभा बैंकको सञ्चालक समितिका अध्यक्ष श्री मनोज कुमार केडियाज्यूको अध्यक्षतामा कम्पनी ऐन, २०६३ बमोजिम सम्पन्न भयो । बैंकको बाइसौं वार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माइन्युट) देहाय बमोजिम रहेको छ ।

२. **सभाको मिति, समय र स्थान:**

| | |
|---|---|
| मिति | : २०८० साल मंसिर ५ गते (तद्नुसार २१ नोवेम्बर, २०२३), मंगलबार । |
| स्थान | : आम्रपाली बैंङक्वेट, बालुवाटार, काठमाडौं । |
| समय | : बिहान १०:०० बजे |

३. **सभाको सूचना र सूचना प्रकाशन मिति:**

बैंकको मिति २०८० साल कार्तिक १३ (तदनुसार ३० अक्टोबर, २०२३) गतेका दिन बसेको बैंकको सञ्चालक समितिको ४१९औं बैठकको निर्णयानुसार बोलाईएको बैंकको बाइसौं वार्षिक साधारण सभाको लागि बैंकमा हाल लागु नियमावली तथा प्रचलित कम्पनी ऐन, २०६३ बमोजिम बाइसौं वार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफल गर्ने विषयसूची समेत राखी मिति २०८० कार्तिक १४ गते तथा मिति २०८० कार्तिक २२ गते कारोबार राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरी सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी गराईएको थियो ।

४. **सभामा उपस्थिति:**

४.१. **सञ्चालकहरुको उपस्थिति:**

| | | |
|---|---|---|
| १. | श्री मनोज कुमार केडिया | अध्यक्ष |
| २. | श्री राहुल अग्रवाल | सञ्चालक |
| ३. | श्री दिनेश शंकर पालिखे | सञ्चालक |
| ४. | श्री अंकित केडिया | सञ्चालक |
| ५. | श्री मिना कुमारी सैंजु | स्वतन्त्र सञ्चालक |

४.२. **पर्यवेक्षकको उपस्थिति:**

| | | |
|---|---|---|
| १. | श्री सन्दीप कार्की | प्रतिनिधि- सिद्धार्थ क्यापिटल लि. |
| २. | श्री अमन उप्रेती | प्रतिनिधि-बाह्यलेखापरीक्षक,एस.ए.आर.एसोसिएट्स,चार्टड एकाउण्टेण्ट्स |

४.३. **पदाधिकारीहरुको उपस्थिती:**

| | | |
|---|---|---|
| १. | श्री सुन्दर प्रसाद कडेल | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री रामेश्वर प्रसाद बस्याल | नायब प्रमुख कार्यकारी अधिकृत |
| ३. | श्री शेर बहादुर बुढाथोकी | सहायक प्रमुख कार्यकारी अधिकृत |

४. श्री अर्जुन भद्र खनाल — प्रमुख-अन्डरराइटिङ अफिसर
५. श्री सृजन कृष्ण मल्ल — प्रमुख-टेक्नोलोजी अफिसर
६. श्री सुरेश राज महर्जन — प्रमुख-मार्केटिङ अफिसर
७. श्री प्रशन्न खड्का — प्रमुख-कर्पोरेट बैकिङ्ग
८. श्री शैलजा ज्ञवाली — प्रमुख- एकीकृत जोखिम व्यवस्थापन
९. श्री मनोहर के.सी. — प्रमुख- रिटेल बैकिङ्ग
१०. श्री प्रदिप पन्त — प्रमुख- एम.एस.एम.इ. बैकिङ्ग
११. श्री प्रविण निधि तिवारी — प्रमुख- संचालन अधिकृत
१२. श्री लक्ष्मण घिमिरे — कम्पनी सचिव
१३. श्री प्रमेश श्रेष्ठ — प्रमुख- रणनीति तथा वित्त
१४. श्री संजय प्रधान — प्रमुख- आन्तरिक लेखापरीक्षण विभाग
१५ श्री दिपेन्द्र पौडेल — प्रबन्धक-समान्य प्रशासन विभाग

## ५. सभाको गणपुरक संख्याः

| कुल शेयर संख्या | साधारण सभामा प्रतिनिधित्व भएको शेयर संख्या | उपस्थित शेयरधनी | | जम्मा उपस्थित शेयरधनी | शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| | | स्वयं | प्रतिनिधी मार्फत | | |
| १४,०८,९९,८०१.८९ | ७,९४,२२,७३२ | ८१९ | १०५ | ९२४ | ५६.३७ |

## ६. सभाको विषयसूची तथा प्रस्तावहरुः

### (क) सामान्य प्रस्ताव

१. आर्थिक वर्ष २०७९/८० को सञ्चालक समितिको २२औं वार्षिक प्रतिवेदन उपर छलफल गरी सो लाई पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण र मिति २०७९ श्रावण १ देखि २०८० आषाढ मसान्त सम्मको नाफा नोक्सान विवरण, सोही अवधीको नगद प्रवाह विवरण, स्वपुँजी (इक्विटी) मा भएको परिवर्तनको विवरण र तत् सम्बन्धी अनुसूचीहरु छलफल गरी पारित गर्ने ।

३. यस बैंकको सहायक कम्पनी "सिद्धार्थ क्यापिटल लिमिटेड" को आ.व. २०७९/८० को वित्तीय विवरण सहितको बैंकको एकीकृत वित्तीय विवरण (Consolidated Financial Statement) छलफल गरी पारित गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ बमोजिम बैंकको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८०/८१ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (कम्पनी ऐन २०६३ को दफा १११ (३) बमोजिम बहालवाला लेखापरीक्षक श्री एस.ए.आर.एसोसिएट्स, चार्टड एकाउण्टेण्ट्स पुनः नियुक्त हुन योग्य हुनुहुन्छ ।)

Siddhartha Bank

५. बैंकको चुक्ता पूँजी रु. १४,०८,९९,८०,१८५/- (अक्षरेपी चौध अर्ब आठ करोड उनानसय लाख असी हजार एक सय पचासी रुपैंया मात्र) को ४.२१ प्रतिशतका दरले हुने रु. ५९,३१,८८,१६६/- (अक्षरेपी उनान्साठ्ठी करोड एकतीस लाख अठासी हजार एक सय छैसट्ठी रुपैंया मात्र) नगद लाभांश (कर प्रयोजनका लागि समेत) वितरण गर्न स्वीकृत गर्ने ।

(ख) **विशेष प्रस्ताव**

१. बैंकले आ.व. २०७९/८० मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐनको दफा १०५ (१) (ग) ले निर्धारण गरेको सीमाभन्दा बढी भएको खर्चलाई अनुमोदन गर्ने ।

२. सिद्धार्थ बैंक लि. र अन्य कुनै उपयुक्त बैंक वा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger), बैंकले अर्को कुनै उपयुक्त संस्थालाई प्राप्ती (Acquisition) गर्न तथा वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल-अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन (Due Diligence Audit- DDA) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गर्ने, निजको पारिश्रमिक तोक्ने, गाभ्ने र गाभिने तथा प्राप्त गर्ने (Merger and Acquisition) सम्बन्धी समझदारी पत्र ( Memorandum of Understanding) तर्जुमा गर्ने र अन्य आवश्यक प्रक्रिया पुरा गरी सो मा हस्ताक्षर गर्ने लगायत मर्जर तथा एक्वीजिसन तथा वैदेशिक रणनीतिक साझेदारीमा जाने सम्बन्धी अन्य आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।

(ग) **विविध**

## ७. सभाको वैधानिकता:

कम्पनी ऐन, २०६३ तथा बैंकको प्रबन्धपत्र एवं नियमावली बमोजिम यो सभा बोलाइएको र कम्पनी ऐन, २०६३ एवं बैकको प्रबन्धपत्र तथा नियमावलीको प्रावधान बमोजिम साधारण सभाको गणपूरक सँख्या बाँडफाँट भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान भएको र बैंकको बाइसौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको कुल संख्या ९२४ (प्रोक्सी समेत) एवं कुल शेयरको ५६.३७ प्रतिशत प्रतिनिधित्व भएको हुँदा साधारण सभाको गणपुरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक रहेको व्यहोरा कम्पनी सचिवले सभाका अध्यक्षज्यू समक्ष प्रस्तुत गर्नुभयो ।

## ८. सभाको सभापतित्व र सभा संचालन:

कम्पनी ऐन, २०६३ र बैंकको प्रबन्धपत्र तथा नियमावली बमोजिम बैंकको सञ्चालक समितिका अध्यक्ष श्री मनोज कुमार केडियाज्यूले बैंकको बाइसौं वार्षिक साधारण सभाको अध्यक्षता गर्नु भएको थियो । सभाको वैधानिकताबारे कम्पनी सचिवले जानकारी गराइसके पश्चात् अध्यक्षज्यूले सभाको कारवाही अघि बढाउनु भयो ।

SiddharthaBank

## ९. अध्यक्षज्यूबाट बाइसौं वार्षिक प्रतिवेदन प्रस्तुतिः

बाइसौं वार्षिक साधारण सभाको निर्धारित विषय सूची नं. १ मा समावेश गरिएको बैंकको सञ्चालक समितिको प्रतिवेदन आ.व. २०७९/८० को महत्वपूर्ण पक्ष समेटेर तयार गरिएको संक्षिप्त मन्तव्य सहित बैठकको अध्यक्षता गरिरहनु भएका सञ्चालक समितिका अध्यक्ष श्री मनोज कुमार केडियाज्यूले आफ्नो मन्तव्य राख्नु भयो । तत्पश्चात अध्यक्षज्यूले विषय सूची नं. १ मा समावेश गरिएको आ.व. २०७९/८० को सञ्चालक समितिको प्रतिवेदन लगायत २०८० आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा मिति २०७९ श्रावण ०१ देखि २०८० आषाढ मसान्त सम्मको नाफा नोक्सान हिसाब, सोही अवधीको नगद प्रवाह विवरण, स्वपुँजी (इक्विटी) मा भएको परिवर्तनको विवरण र तत्सम्बन्धी अनुसूचीहरुमा छलफलका लागि सभामा पेश गर्नु भयो ।

## १०. छलफलको लागि आह्वानः

सञ्चालक समितिको प्रतिवेदन प्रस्तुत भइसके पश्चात् अध्यक्षज्यूले शेयरधनी महानुभावहरुलाई केही जिज्ञासा, प्रश्न तथा सुझावहरु भए छलफलको विषयसूची अनुसार आफ्नो विचार एवं मन्तव्य राखिदिनुहुन अनुरोध गर्दै शेयरधनी महानुभावहरु समक्ष आ.व. २०७९/८० को वार्षिक प्रतिवेदन लगायत २०८० आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा मिति २०७९ श्रावण ०१ गते देखि २०८० आषाढ मसान्त सम्मको नाफा नोक्सान हिसाब, सोही अवधीको नगद प्रवाह विवरण, स्वपुँजी (इक्विटी) मा भएको परिवर्तनको विवरण र तत्सम्बन्धी अनुसूचीहरुमा छलफल गर्न आह्वान गर्नुभई सो सम्बन्धी कारवाही अघि बढाउन कम्पनी सचिवलाई निर्देशन दिनुभयो । तद्अनुरुप कम्पनी सचिवले छलफलमा सहभागी हुन चाहने वक्ताहरुलाई मन्तव्यका लागि आमन्त्रण गर्नुभएको थियो । यस क्रममा निम्न लिखित २६ जना शेयरधनी महानुभावहरुले आफ्नो मन्तव्य व्यक्त गर्नु भएको थियो ।

### शेयरधनीहरुबाट व्यक्त गरिएका मन्तव्य तथा सुझावहरुको संक्षिप्त विवरण

#### श्री उद्धव प्रसाद घिमिरे

- यस्तो विषम परिस्थितिका बाबजुद पनि ४.२१% नगद लाभांश प्रदान गरेकोमा धन्यवाद छ । ४.२१% लाई बोनश शेयरको रुपमा दिएको भए अझ राम्रो हुने थियो । अर्को वर्ष Stock Dividend र Cash Dividend मिलाएर प्रदान गर्नु होला । बैंकमा कर्मठ कर्मचारी, कुशल व्यवस्थापन र सञ्चालक समिति रहेकाले आगामी वर्ष २५% लाभांश दिने आशा छ ।
- जगेडा कोष बढाउनु भएकोमा धन्यवाद ।
- विदेशी विनिमय कारोबारबाट हुने आम्दानी घटेको हुँदा यसलाई वृद्धि गर्नुपर्ने,
- Non Funded व्यवसाय (प्रतितपत्र) कारोबार वृद्धि गर्नुपर्ने,
- साइबर सुरक्षामा बैंक सजग हुनुपर्ने,
- बैंकको पुँजी कम भएकाले Merger तथा Acquisition तर्फ पनि ध्यान दिनुपर्ने,
- बैंकको निष्कृय कर्जा बढ्न गएकोले यसलाई घटाउँदै लानु पर्ने ।

#### श्री भक्ति प्रसाद उप्रेती

- समयमानै वार्षिक साधारण सभा गर्नु भएकोमा धन्यवाद ।
- निक्षेप, खुद ब्याज आम्दानी, मुनाफा लगायतमा बढोत्तरी भएको छ, अझै राम्रो गर्दै जानु होला ।
- नक्सालमा आफ्नै भवन बनाउनु भएकोमा बधाई,

- विश्व बैंक समूह अन्तर्गतको IFC ले बैंकलाई विश्वास गरी ५ करोड ५० लाख अमेरिकी डलर बराबरको ऋण प्रदान गरेको छ ।
- मर्जरले बैंकहरु ठूला हुने तर बलियो नहुने हुनाले सकभर मर्जमा नगएकै राम्रो हुने ।
- NPL १.०७% बाट बढेर २.०१% भएको छ, यो राम्रो संकेत नभएकोले यसमा सुधार गर्दै लैजानु पर्ने,
- Impairment Charges झण्डै दोब्बरले बढेकोले यसको Write Back लाई उच्च प्राथमिकतामा राख्नु पर्ने,
- गैर बैंकिङ्ग सम्पत्तिलाई चाँडो भन्दा चाँडो Dispose गर्दै जानु पर्ने,
- विदेशी विनिमय कारोबारबाट हुने आम्दानी घटेको हुँदा यसलाई वृद्धि गर्नुपर्ने,
- आ.व. २०८०/८१ को प्रथम त्रैमासको बैंकको वित्तीय विवरण उत्साहजनक नभएकोले सुधार गर्दै जानु पर्ने,
- Debenture Redemption Reserve मा रहेको रकम भविष्यमा Bonus Share को रुपमा Capitalize गरी मध्यम स्तरको बैंक हुन सक्ने,
- बैंक तथा वित्तीय संस्था माथि भएको चौतर्फी आक्रमणको विरोधमा NBA मार्फत राष्ट्र बैंक तथा सरकारको ध्यानाकर्षण गराउनुपर्ने ।

**श्री व्यास कुमार शर्मा**

- राष्ट्रिय एवं अन्तराष्ट्रिय परिस्थिति, आर्थिक मन्दी, नेपाल राष्ट्र बैंकको अकुंश आदिको कारणले बैंकको मुनाफा घटे पनि यस प्रतिकुल अवस्थामा लाभांश नदिनु भन्दा ४.२१% नगद लाभांश दिनु राम्रै रहेको,
- यस बैंक उत्कृष्ट बैंकमध्ये एक बैंक हो । समिक्षा अवधिमा बैंकको पूँजी, ब्याज आम्दानी, कर्जा प्रवाह, निक्षेप संकलन, लगानीमा सन्तुलित प्रगती रहेको र यसलाई अझै बढाउँदै लानु पर्ने । EPS एवं नाफा बढेको छ ।
- बैंकले कमाएको आम्दानी मध्ये निश्चित रकम Debenture का लागि छुट्याउनु परेकाले शेयरधनीले पाउने प्रतिफल घटेको देखिन्छ ।
- सम्पतीको गुणस्तर सुधारमा ध्यान दिनु पर्ने,
- Base Rate घटाउँदै कर्जा प्रवाह बढाउनु पर्ने,
- कर्मचारी खर्च व्यवस्थापनमा ध्यान दिनु पर्ने,
- विदेशी विनिमय कारोबारबाट हुने आम्दानी बढाउँदै लैजानु पर्ने ।

**श्री गुणराज भट्ट**

- समयमानै वार्षिक साधारण सभा गर्नु भएकोमा धन्यवाद ।
- यस प्रतिकुल अवस्थामा लाभांश नदिनु भन्दा ४.२१% नगद लाभांश दिनु राम्रै रहेको । बोनश शेयर वितरण गर्ने प्रस्ताव राखेको भए अझ राम्रो हुने थियो ।
- बैंकको चुक्ता पूँजी रु. १४ अर्ब भन्दा माथि रहेको हुँदा कुनै अन्य बैंक वा वित्तीय संस्थामा गाभ्ने वा गाभिने र प्राप्त गर्न आवश्यक नरहेको । मर्जरमा नजाऔं ।
- गैर बैंकिङ्ग भन्दा बैंकिङ्ग आम्दानीमा विशेष जोड दिनु पर्ने,
- दक्ष, इमान्दार, अनुशासित कर्मचारीलाई बैंकमै लामो समय सम्म टिक्ने वातावरण सृजना गर्नुपर्ने,
- बैंक तथा वित्तीय संस्था माथि भएको चौतर्फी आक्रमणको विरोधमा NBA मार्फत राष्ट्र बैंक तथा सरकारको ध्यानाकर्षण गराउनुपर्ने ।

SiddharthaBank

**श्री इन्द्र कृष्ण श्रेष्ठ**

- यस प्रतिकुल अवस्थामा लाभांश नदिनु भन्दा ४.२१% नगद लाभांश दिनु राम्रै रहेको । नगद लाभांश आजै खातामा जाने व्यवस्था गरिदिनु पर्ने,
- तालिम प्राप्त कर्मचारीहरुलाई बैंकमै Retain गर्ने वातावरण बनाउनु पर्ने ।

**श्री सुदिप श्रेष्ठ**

- बैंक आफ्नै अत्याधुनिक भवनमा सरेको अवसरमा यो भन्दा बढी लाभांश दिनु भएको भए अझ राम्रो हुने थियो । बैंकले ४.२१% नगद लाभांश भन्दा बोनश शेयर प्रस्ताव गरेको भए राम्रो हुने थियो । आगामी दिनहरुमा शेयरधनीहरुलाई दोहोरो अंकमा लाभांश दिनु हुन सबै मिलेर काम गर्नु पर्ने,
- वैदेशिक रोजगारीका लागि गएकाहरुको लागि खोलिने Remittance खातामा अलि बढी जोड दिनु पर्ने,
- Return on Equity मा २० वटा वाणिज्य बैंकहरु मध्ये छैटौं नम्बरमा पर्न सफल हुनु भएकोमा बधाई ।

**श्री महेन्द्र बहादुर श्रेष्ठ**

- समयमै साधारणसभा गर्नु भएकोमा धन्यवाद ।
- यस वर्षको लाभांश दर कम भएकोमा आगामी वर्ष लाभांश दर बढाउँदै, शेयर पुँजी बढाउँदै Core Capital व्यवस्थापान गर्दै जानुपर्ने,
- मर्जरमा जाँदा कर्मचारी व्यवस्थापन लगायत धेरै समस्या देखिएकाले मर्जरमा जान उचित नहुने,
- कर्जा जोखिम व्यस्थापन, साईबर सुरक्षामा विशेष ध्यान दिनु पर्ने,
- IFC बाट प्राप्त ऋणमा ब्याज भुक्तानी डलर मै गर्नु पर्ने भएकोले Foreign Exchange Risk मा ध्यान दिनु पर्ने,
- संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत गरिने कार्यमा काठमाण्डौ उपत्यकाको सभ्यता संरक्षण, मठ मन्दिर एवं सांस्कृतिक सम्पदाहरुको मर्मत सम्भार तथा जिर्णोद्धार तर्फ ध्यान दिनु पर्ने ।

**श्री चन्द्र नारायण श्रेष्ठ**

- यस बैंकका शेयरधनी श्री अशोक उप्रेतीज्यूको निधन भएकोमा वहाँप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु ।
- मर्जरमा गईसकेका बैंकमा कर्मचारी व्यवस्थापन लगायत धेरै समस्या देखिएकाले मर्जरमा जान जोड दिन नहुने,
- बैंकले Recovery Process, Interest Overdue, NBA, NPL Management मा अवलम्बन गरेका रणनीतिहरुको बारेमा प्रष्ट पार्नुपर्ने ।

**श्री बिरेन्द्र कुमार शाह**

- कुनै पनि संस्थाका जन्मदाता संस्थापक हुन्, संस्थापकको भूमिका महत्वपूर्ण हुन्छ र सो अनुसार संस्थापकलाई उचित सम्मान गनुपर्छ । बैंकका संस्थापक तथा पूर्व संचालकहरु स्व. विश्वनाथ शाह, स्व. हिरालाल केडिया तथा स्व. सुरेशचन्द्र अग्रवालज्यू लाई सम्झिन चाहान्छु ।
- सभामा प्रस्तावित ४.२१% नगद लाभांश वितरणको प्रस्तावमा मेरो असहमती रहेको छ । यस वर्ष बैंकले लाभांश वितरण नगरी आगामी वर्ष बढी भन्दा बढी लाभांश दिनु हुन आग्रह गर्दछु ।
- बैंकको भवन निर्माणमा खर्च बढि भएको देखिन्छ ।

SiddharthaBank

**श्री हरि प्रसाद गौतम**

- बैंकको NBA बढेको छ, NPA बढेको छ, Net Profit घटेको छ र अन्य Indicator हरु पनि घटेको छ, यस विषयमा प्रष्ट पारिदिनु होला । बैंकको खराब कर्जा बढ्दै गएकोले त्यस तर्फ ध्यान दिन आग्रह गर्दछु ।
- कर्मचारी खर्च वृद्धिको औचित्य पुष्टी हुनुपर्ने,
- यस सभामा प्रस्तावित ४.२१% नगद लाभांश वितरणको प्रस्तावमा मेरो असहमती रहेको छ । यस वर्ष बैंकले लाभांश वितरण नगरी आगामी वर्ष बढी भन्दा बढी लाभांश दिनु हुन आग्रह गर्दछु ।
- आ.व. २०८०/८१ को प्रथम त्रैमासमा बैंकको NPA बढेकोले व्यवस्थापन तथा संचालक समितिको ध्यानाकर्षण गराउन चाहान्छु ।

**श्री ओम प्रकाश शर्मा**

- कर्मचारी खर्च व्यवस्थापनमा बैकले ध्यान दिनु पर्ने,
- देशमा विद्यमान विषम आर्थिक परिवेशमा बैंकले उद्यमी तथा व्यापारीहरुको उद्धार तथा उत्थानको लागि काम गर्नुपर्ने,
- बैंकले ऋणीको सम्पत्ति लिलाम प्रक्रियामा मानवीय मूल्य मान्यतालाई पनि विशेष ध्यान दिनु पर्ने ।

**श्री रोज कुमार श्रेष्ठ**

- प्रस्तावित लाभांश दर कम भएको, आगामी वर्ष राम्रो लाभांश दिन सकोस ।
- बैंकको EPS २०.६० बाट बढेर २२.४८ पुगेको छ, जुन सकारात्मक रहेको छ ।
- वार्षिक प्रतिवेदनमा प्रति कर्मचारी खर्च, प्रति कर्मचारी आम्दानी, प्रति शेयर Book Net Worth को सुचकांक पनि समावेश गर्नु पर्ने ।

**श्री अंगराज भारती**

- नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार यस बैंकले आ.व. २०७४/७५ चैत्रमा कृषि तथा वन लगायतका क्षेत्रका केही शिर्षकहरुमा गरेको कर्जा प्रवाह र कर्जा असुलीको रकम नमिलेको भन्ने आशयको मन्तव्य राख्नु भएको थियो ।

**श्री डमरु बल्लभ घिमिरे**

- समयमै साधारणसभा गर्नु भएकोमा धन्यवाद । नगद लाभांशको प्रस्तावमा समर्थन छ ।
- बैंक एक संवेदनशिल क्षेत्र भएकाले वक्ता साथीहरु संयमित र मर्यादित भएर पेश हुन र सौहार्दपूर्ण वातावरण कायम राख्न अनुरोध छ । बैंकको वार्षिक प्रतिवेदन अध्ययन विश्लेषण गरेर मात्र वक्ता साथीहरुले आफ्नो धारणा राख्नुपर्ने ।
- बैंकले आ.व. २०७९।८० को खुद मुनाफाबाट रु १ अर्ब ४६ करोड बराबर रकम ऋणपत्रको लागि पूजी फिर्ता जगेडा कोषमा विनियोजन गरको र त्यसलाइ समेत हेर्दा १५.०७% को प्रतिफल दिने क्षमता हुने देखिन्छ ।

**श्री उत्तम पाठक**

- बैंक जोगाउन, NPL/NBA घटाउन गरिएका बैकका Recovery प्रयासलाई अन्यथा लिन नहुने । NPL, NBA घटाउने तर्फ बैंकले थप ध्यान दिनु पर्ने । कर्जा असुलीमा कडाइ गर्दै तिब्र रुपमा लाग्नु पर्ने,
- बैकले समिक्षा वर्षमा प्रति शेयर रु. २२.४८ कमाएको तर पूजी फिर्ता जगेडा कोषमा ठुलो रकम राख्न परेकाले कम प्रतिफल दिएको देखिन्छ ।

- बैंकले विगत वर्षहरुमा बोनस लाभांश दिदै आएको र यो वर्ष नगद लाभांशको प्रस्ताव गरेको छ। देश इतिहासकै नाजुक अवस्थामा रहेको बेला कमै भए पनि तुरुन्तै प्राप्त गर्न सकिने नगद लाभांश हुने भएकाले यो वर्षको नगद लाभांशको प्रस्तावमा समर्थन छ । नगद लाभांश यथाशक्य चाँडो खातामा जम्मा गर्नु पर्ने । आगामी वर्षहरुमा कम्तीमा दोहोरो अंकमा लाभांश प्रदान गर्नु पर्ने ।

**श्री मेजर कुबेर श्रेष्ठ**

- बैंकमा महिला सञ्चालक नियुक्त रहेकोमा धन्यवाद,
- रु. २२ EPS भएको बैंकले ४.२१% मात्र लाभांश दिनु धेरै कम भएकोले आगामी वर्ष कम्तीमा पनि १०% लाभांश दिनु पर्ने,
- बैंकको खराब कर्जा घटाउन उचित ध्यान दिनु पर्ने,
- बैकिङ्ग क्षेत्रको हालको स्थिती उत्साहजनक नदेखिएकाले यस विषम परिस्थितिमा बैंकलाई सजग एवं सतर्क भएर संचालन गर्नु पर्ने,
- शेयरधनीसँग राम्रो सम्बन्ध कायम गर्दै उचित व्यवस्थापन गर्नुपर्ने ।

**श्री शम्भु कुमार कन्दोई**

- ४.२१% को नगद लाभांश अत्यन्तै कम भयो । आगामी वर्ष राम्रो प्रतिफल दिन तर्फ ध्यान दिनु पर्ने,
- कर्मचारी खर्च र अन्य खर्च व्यवस्थापनमा बैकले उचित ध्यान दिनु पर्ने ।

**श्री कृष्ण प्रसाद अधिकारी**

- नगद लाभांशको सट्टा बोनश शेयर प्रदान गरेको भए अझ राम्रो हुने,
- वार्षिक प्रतिवेदनमा प्रमुख कार्यकारी तथा कम्पनी सचिवको समेत फोटो राख्नु पर्ने,
- प्रतिवेदनको खाली पृष्ठमा बैंकको विज्ञापन राख्नुपर्ने ।

**श्री ब्रम्हदेव शाक्य**

- आगामी वर्ष पनि आर्थिक क्रियाकलापका हिसाबले कठिन हुने देखिन्छ, तसर्थ हामीले धैर्य गर्नुको विकल्प देखिदैन।
- अर्थतन्त्र चलायमान नभएकोले त्यसको प्रत्यक्ष असर बैंक तथा वित्तिय संस्थामा पर्न गएको । सरकारले उत्पादन तथा उपभोग बढाउने नीति ल्याएर, पुँजीगत खर्च बढाएर अर्थतन्त्र चलायमान बनाउनु पर्ने,
- मर्जरमा जान हाल आवश्यक र बाध्यकारी नदेखिएकाले मर्जरको प्रस्तावमा सहमति जनाउन नसकिने र अन्य प्रस्तावमा सहमती छ ।
- १५% बढीको लाभांश क्षमता हुँदा पनि बाध्यकारी कारणले यस वर्ष ४.२१% मात्र लाभांश प्रदान गर्न सफल भएकोमा धन्यवाद ।
- बैंकको वार्षिक प्रतिवेदन ICAN द्वारा बैंकिङ्ग क्षेत्रको "उत्कृष्ट वार्षिक वित्तीय प्रतिवेदन २०२२" उपाधिबाट सम्मानित हुनेगरी काम गर्नु भएकोमा बधाई ।

**श्री सत्रुधन श्रेष्ठ**

- बैकले समिक्षा वर्षमा प्रति शेयर रु. २२.४८ कमाएको तर पूजी फिर्ता जगेडा कोषमा ठुलो रकम राख्न परेकाले कम प्रतिफल दिएको देखिन्छ । आगामी दिनमा १०% देखि १५% सम्म लाभांश दिनु पर्ने ।
- कर्जा असुलीमा कडाई गर्दै NPL घटाउदै जानु पर्ने ।

SiddharthaBank

**श्री उत्सव सुन्दर श्रेष्ठ**

- कर्जा अपलेखनलाई यथाशक्य घटाउनु पर्ने,
- वार्षिक प्रतिवेदनमा प्रमुख कार्यकारी तथा कम्पनी सचिवको समेत फोटो राख्नु पर्ने,
- बैकसँग सम्बन्धित मुद्दाहरु समयमै सल्टाउनुपर्ने,
- संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी एजेन्डामा मेरो असहमती रहेको छ ।

**श्री सुमित केडिया**

- यो बैक हामी सबैको बैक भएकाले वक्ता शेयरधनी साथीहरुले साधारण सभाको मर्यादा कायम हुने गरी आफ्ना सुझावहरु पेश गर्नु पर्ने ।
- ४.२१% नगद लाभांश कम भएकाले आगामी दिनहरुमा लाभांश बढाउनु पर्ने ।
- NPL बढेको छ, सो लाई घटाएर लैजानु पर्ने, कर्जा असुलीमा कडाइ गर्दै तिब्र रुपमा लाग्नु पर्ने । यस कार्यका हामी सबै बैंकको साथमा छौ ।

**श्री ध्रुवराज न्यौपाने**

- ४.२१% नगद लाभांश कम भयो, यस वर्ष प्रदान नगरी आगमी वर्ष थपेर कम्तीमा १०% बोनश शेयर प्रदान गर्दा राम्रो हुने ।
- डिबेन्चरको कारण शेयरधनीको लाभांशमा कमि आएको, बोनश शेयरद्वारा Core Capital बढाउनु पर्ने,
- बैंकको नेटवर्थ प्रति शेयर रु. १७९.६१ र प्रति शेयर आम्दानी रु. २२.४८ रहेको छ । नेटवर्थ प्रति शेयर अनुसार प्रति शेयर आम्दानी कम रहेको,
- बैंकले अचल सम्पत्ति प्राप्तीलाई कम गदै जाँदा राम्रो हुने,
- NPL बढेकोले ऋण असुलीमा कडाई गर्नु पर्ने, ब्याज आम्दानी बढाउनु पर्ने, संचालन खर्च घटाउनु पर्ने,
- मर्जरमा जाँदा व्यवसाय फराकिलो हुने, कर छुटको सुविधा प्राप्त हुने, बैंकको नाफामा वृद्धि हुने लगायतका फाइदा हुने भएकोले बैंकले लघुवित्त वा विकास बैंक लिँदा राम्रो हुने,
- Portfolio Diversified गर्नु पर्ने ।

**श्री निरुपमा गुप्ता**

- EPS, Book Value, Balance Sheet Portfolio राम्रो देखिएको छ, अझै राम्रो गर्दै जानु पर्ने,
- पूँजी बढेको छ, नाफा बढेको छ, यो राम्रो पक्ष हो ।
- अन्य खर्च बढेको छ, त्यस तर्फ ध्यान दिनु पर्ने,
- NPL घटाउदै जानु पर्ने,
- नगद लाभांशको प्रस्तावमा समर्थन छ ।

**श्री लबराज जोशी**

- १२४ दिन मै साधारण सभा गर्नु भएकोमा धन्यवाद ।
- शेयरधनीको इच्छा आकांक्षा अनुसार बैंकले लाभांश दिनुपर्ने, सामान्य बचतमा भन्दा पनि कम लाभांश दर भयो । लाभांश दोहोरो अकंमा हुनुपर्ने,

- कम्तीमा पनि १०० कित्ता शेयर भएको शेयरधनी मात्र साधारण सभामा वक्ता हुनुपर्ने । वक्ताहरुले वार्षिक प्रतिवेदनको उचित विश्लेष्ण गरी जिज्ञासा, प्रश्न तथा सुझावहरु दिनुपर्ने,
- खर्चमा कटौती गर्दै बैकका खर्चहरु बैकले दिने प्रतिफल सँग मेल खानुपर्ने । कर्मचारी खर्च व्यवस्थापनमा जोड दिनु पर्ने,
- कर्जा अपलेखन बारेमा प्रतिवेदनमा स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने,
- मर्जरको प्रस्तावमा असहमती रहेको छ ।
- ग्राहक, शेयरधनी सँग सुमधर सम्बन्ध कायम गर्नु पर्ने ।

**श्री नरसिंह लाल चंखु**

- Fund Collection, Transaction Volume, Business Activities, Reserve मा Growth छ, प्रगती छ एवं सुधार भएको छ । अझै राम्रो गर्नु पर्ने,
- NPA मा सुधार गर्नु पर्ने, LLP घटाउनु पर्ने, Assets Quality मा ध्यान दिनुपर्ने, कर्जा असुलीमा कडाई गर्नु पर्ने,
- ROE, ROI सुधार गर्नु पर्ने, Cost of Fund लाई Maintain गर्नु पर्ने, Forex Exchange Income मा थप सुधार गर्नु पर्ने,
- आगामी वर्ष राम्रो प्रतिफलको आशा गर्न सकिन्छ ।

## ११. छलफलका क्रममा उठेका विषयहरुको जवाफ:

सञ्चालक समितिको प्रतिवेदन, बैंकको आ.व. २०७९/८० को वार्षिक प्रतिवेदन लगायत समग्र वित्तीय प्रतिवेदन उपर छलफलका क्रममा शेयरधनी महानुभावहरुले राखेको सुझाव, जिज्ञासा तथा टिप्पणी प्रति हार्दिक आभार व्यक्त गर्दै एवं धन्यवाद दिदैं वार्षिक साधारण सभाको समेत अध्यक्षता गरिरहनु भएका बैंकको सञ्चालक समितिका अध्यक्ष एवं बैंकका प्रमुख कार्यकारी अधिकृतले शेयरधनीहरुले बैंकको वार्षिक प्रतिवेदन, वित्तीय अवस्था, नाफा नोक्सान को अवस्था, बैंकको क्रियाकलाप, बैकले गरेका राम्रा कार्य, बैंकले सुधार गर्नु पर्ने क्षेत्रहरु, अर्थतन्त्रमा देखिएको चुनौती र त्यसले बैंकको कार्य सम्पादनमा पार्न सक्ने असरको लगायतका विषयमा राख्नु भएका प्रमुख जिज्ञासा, सल्लाह सुझाव एवं टिप्पणी उपर देहाय अनुसार जवाफ दिनु भयो ।

- संचालक समिति एवं संचालकस्तरीय समितिहरुले प्रचलित कानून एवं नियमनकारी निकायहरुले तोकेको मापदण्डहरुलाई समेत ख्याल गर्दै नियमित तवरले बैठकहरु बसी उपयुक्त निर्णय लिदैं आएको छ । बैंकको संचालन तथा व्यवस्थापनमा संस्थागत सुशासनका उच्चतम अभ्यास तथा प्रक्रियाहरुलाई बैंकले अत्यन्त महत्वका साथ पालना गर्दै आइरहेको छ । संस्थागत सुशासनका अभ्यासहरु र नैतिक व्यावसायिक आचरण बैंकको मूल्य मान्यताको केन्द्रबिन्दुमा रहेका छन् । बैंकले संस्थागत सुशासनका अभिन्न अङ्ग निष्ठा, जवाफदेहिता, उत्तरदायित्व, पारदर्शिता, निष्पक्षतालाई व्यावसायिक क्रियाकलापमा सदैव आत्मसात गर्दै आएको छ । साथै, नियामक निकायहरुको मार्ग निर्देशनको पालना गर्दै नियामकको सुक्ष्म निगरानीमा रहँदै संस्थागत सुशासनका उच्चतम अभ्यासहरु कार्यन्यवन गर्दै आएको छ ।
- यसैको फलस्वरुप आज IFC जस्तो अन्तराष्ट्रिय संस्थाले हामीलाई विश्वास गरेको छ । US State Secretary ले US को सिनेटमा नेपालमा सिद्धार्थ बैंक मार्फत US International Development Finance Corporattion (DFC) ले 100 Million USD Dollar ऋण प्रदान गरेको जानकारी गराउनु भएको विषय यहाँहरु माझ हर्ष एवं गर्वका साथ

साझा गर्न चाहान्छौं । अन्तर्राष्ट्रिय स्तरमा समेत विश्वसनियता हासिल गर्न बैंक प्रयत्नशील रहेको छ । IFC ले हाम्रो बैंकमा पूँजी लगानीको सम्भावनाको समेत सोच बनाएको देखिन्छ ।

- हामीले हाम्रा कार्यसम्पादनमा प्रचलित कानुन, नियामक निकायहरुका निती, नियम र निर्देशन तथा बैंकका आन्तरिक नीति नियमको परिधि भित्र रहेर असल सुशासन कायम राख्दै पारदर्शी ढंगले काम गर्दै आएका छौं । यसले हामीलाई एक विश्वसनीय बैकको रुपमा स्थापित गराएको छ । हामीले शेयरधनीहरुको हित विपरित हुने कुनै पनि काम गरेका छैनौं र आगामी दिनमा पनि गर्ने छैनौं भनी प्रतिबद्धता व्यक्त गर्न चाहन्छौं ।
- देशको विषम आर्थिक परिस्थिति तथा राष्ट्रिय तथा अन्तराष्ट्रिय घटनाक्रमको कारण विश्वव्यापी रुपमा बढ्दै गएको आर्थिक मन्दिको असरले देशमा आर्थिक क्रियाकलापमा संकुचन आइरहेको छ । अर्थतन्त्रमा आएको शिथिलताको असर हाम्रा साना शेयरधनी, ठूला लगानीकर्ता, ऋणी, बचतकर्ता, व्यापारी, उद्योगी, व्यवसायी सबैमा परेको छ । सो को परिणामस्वरुप सम्पुर्णमा धेरै रोष, आक्रोश, गुनासो, Stress देखिएको छ । अर्थतन्त्रमा रहेको Stress को असर निश्चित समयपछि बैंक तथा वित्तीय संस्थाहरुमा पर्छ । व्यवसायको ७० प्रतिशत को पुँजीका साझेदार बैंक तथा वित्तीय संस्थाहरु हुने भएकोले व्यवसायमा असर पर्दा स्वभाविक रुपमा बैंकमा त्यसको असर परेको हो, जुन कुरा बैंकको वित्तीय विवरण तथा वित्तीय सूचकहरुले पनि देखाईरहेका छन् । निश्चित रुपले बैंकको Non Performing Loan बढ्दै गएको अवस्था छ । बैंकहरुको मुनाफा घट्दै गएको छ, फलस्वरुप ROE पनि घट्दै गएको छ । यसको प्रतिविम्ब नेपाली शेयर बजारमा पनि हामीले देखिरहेका छौ ।
- हाम्रा श्रद्धेय संस्थापक, शेयरधनी, भुतपुर्व संचालक, भुतपुर्व प्रमुख कार्यकारी अधिकृतहरुको अथक प्रयासबाट हामी आजको अवस्थामा आएका हौं । आज पनि वित्तीय अवस्था, वासलात, नेट वर्थ तथा बैंकको वृहत इतिहासलाई समग्रमा विश्लेष्ण गर्दा निश्चित रुपले विगतको भन्दा पछाडी छैनौं । तथापी अर्थतन्त्रमा आएको शिथिलताको कारण बैंकले प्रक्षेपण गरे अनुसारको प्रतिफल दिन नसकिएको कटु यर्थाथ हो । बैंक तथा वित्तीय संस्थाहरु मर्जरमा जानु भन्दा पहिले हामी पाँचौ ठूलो बैंकमध्येको एक बैंक थियौं । हकप्रद शेयर मार्फत पुँजी बढाउन नीतिगत प्रावधानले नमिलेको कारणले बैंकले पुँजीको वैकल्पिक स्रोतको रुपमा ऋणपत्र जारी गर्नु परेको हो । यसलाई हामीले Resource (Deposit) तथा Capital को रुपमा प्रयोग गरिरहेको अवस्था थियो । बैंकले आर्थिक वर्ष २०७९।८० मा रु. ३ अर्व १६ करोड खुद नाफा आर्जन गरेको छ र यस मुनाफा अघिल्लो वर्षको मुनाफाको तुलनामा रु. २६ करोड अर्थात् ९.११% को वृद्धि हो । यसै गरी बैंकको वितरणयोग्य मुनाफा रु. ६६ करोड कायम रहन आएको छ । खुद मुनाफाको तुलनामा बैंकको वितरणयोग्य मुनाफामा आएको संकुचनको मुख्य कारण बैंकले आर्थिक वर्ष २०७९।८० को खुद मुनाफाबाट रु. १ अर्ब ४६ करोड बराबर रकम ऋणपत्रको लागि पूँजी फिर्ता जगेडा कोषमा विनियोजन गरेकाले हो । सो जगेडा कोषमा विनियोजित रकम ऋणपत्र परिपक्व भए पश्चात् शेयरधनीहरुलाई नै वितरण गरिन्छ । यसर्थ उक्त विनियोजित रकम समेत गणना गर्दाको अवस्थामा बैंकको वास्तविक वितरणयोग्य मुनाफा रु. २ अर्ब १२ करोड कायम हुन आउँछ जुन प्रतिशतको हिसाबमा हेर्दा १५.०७% को प्रतिफल हो । अर्थतन्त्रको अवस्था, बजारको अवस्था, नियामक प्रावधान आदिले गर्दा अपेक्षित प्रतिफल दिन नसकिएको आजको स्थिति पक्कै पनि हो ।
- निश्चित रुपले बैंकको Non Performing Loan बढ्दै गएको अवस्था छ । आगामी दिनहरुमा निष्कृय कर्जा असुलीलाई बैंकले उच्च प्राथमिकतामा राखेको छ । बैंकले अपलेखित कर्जा असुली प्रक्रियालाई निरन्तर चालु राख्नेछ । अर्थतन्त्रमा आउने सुधार अनुसार हामी हाम्रा हरेक ऋणीहरुको व्यवसायिक योजनाको आधारमा एकाकार हुँदै छलफल गरेर वहाँहरुको व्यवसाय चल्ने वातावरण छ भने वहाँहरुलाई सहयोग गर्दे बैंकको Non Performing Loan घटाउँदै जानेछौं र बैंकको प्रगतिमा कुनै पनि कसर बाँकी नराख्न कटिबद्ध भएर लाग्नेछौं । तर यो काम पक्कै पनि सजिलो भने छैन । कर्जा असुलीको दौरान केहि तिता मिठा अनुभवहरु भए हामी त्यस प्रति क्षमाप्राथी छौ र कर्मचारी साथीहरुलाई यस विषम परिस्थितीमा संवेदनशील हुन आग्रह गर्दछौं ।

- केहि समय यता विदेशी मुद्राको संचिति बढेको छ, Liquidity मा केही सहजता आएको छ, बैंकको ब्याज घट्दो क्रममा छ, लगानी गर्ने वातावरण बन्दै गएको छ । अहिले अर्थतन्त्र संकुचन अवस्थामा रहेको भएता पनि आगामी दिनहरुमा शेयर बजारमा लगानीको वातावरण बन्दै जाने, घर जग्गाको कारोबारमा वृद्धि हुने क्रममा रहेको, राजश्वमा क्रमशः केही वृद्धि हुने क्रममा रहेको तथा आर्थिक सूचकहरु केहि चलायमान हुन लागेको आभाष भएको छ । समग्रमा बाह्य क्षेत्रहरुमा सुधार हुँदै गईरहेको छ, विस्तारै अर्थतन्त्र सुधारोन्मुख हुने आशा गर्न सकिन्छ । आगामी दिनहरुमा अर्थतन्त्रमा आउने सुधार अनुसारनै बैंकहरुको Performance मा वृद्धि हुने छ भन्ने आश्वस्त पार्न चाहान्छु । आागामी दिनहरुमा शेयरधनी महानुभावहरुले प्राप्त गर्ने लाभांश दर बढाउनका लागि हामी सबै कटिबद्ध भएर लाग्नेछौं ।
- शेयरधनी, नियामक निकायले दिनु भएका मार्गदर्शन, सल्लाह, सुझावको कारण बैंक यहाँ सम्म आइपुगेको छ । साधारण सभामा उपस्थित भई बैंकको सुधार एवं सुदृढीकरणका लागि दिनु भएका सुझावहरुको बैंकले हार्दिकताका साथ मनन गरेको छ र यथासम्भव कार्यान्वयन पनि गर्दै आइरहेको छ । यस बैंक सुदृढ, सबल र सक्षम बैंकको रुपमा स्थापित हुन यहाँहरुले दिनु भएको सल्लाह, सुझावको लागि फेरी पनि धन्यवाद ।
- बैंकका शेयरधनी श्री अशोक उप्रेतीज्यूको निधनप्रति हार्दिक समवेदना व्यक्त गदै दिवङ्गत आत्माको चीर शान्तिको कामना गर्दछौं ।
- यस बाइसौं वार्षिक साधारणसभामा उपस्थित हुनु भई २६ जना शेयरधनी महानुभावहरुले आफ्ना महत्वपुर्ण विचार, धारण राख्नु भई अमुल्य सल्लाह सुझाव दिनु भएकोमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु । यसैगरी धैर्य धारण गरी यस सभामा बसी हाम्रा कमी कमजोरी पहिल्याई दिनुभएको र राम्रो कामको लागि बधाई दिनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई मुरी मुरी धन्यवाद ।
- भविष्यमा आउने सुचना प्रविधि तथा मानवीय मूल्य मान्यता सम्बन्धी चुनौतीहरु प्रति अझ बढी सजग भई अघि बढिरहेका छौं । बैंक Digitization मा अगि बढ्दै गर्दा उत्पन हुन सक्ने साईबर चुनौतीलाई ध्यानमा राख्दै त्यसको समयमै सर्तकता अपनाउँदै अनुगमन गर्दै सुरक्षा वृद्धिमा उच्च प्राथमिकताका साथ जोड दिंदै जानेछौं । यसै सन्दर्भमा बैंकले अन्तराष्ट्रिय भुक्तानी सम्बन्धी साइबर हमला तथा साइबर सुरक्षा नीति अनुरुप SWIFT CSP Assessment पुरा गरेको छ । Foreign Exchange Risk अन्तर्गत Interest Rate र Exchange Rate Risk मा घटबढ हुने जोखिमलाई न्युनिकरण गर्न Hedging Mechanism लाई थप प्रभावकारी बनाउँदै अघि बढ्नेछौं ।
- बैंकको गैर ब्याज आम्दानीमा कमि आएको छ । आगामी दिनहरुमा अन्य गैर ब्याज आम्दानीका श्रोतहरु पहिचान गरी बैंकको आम्दानी वृद्धि गर्ने कार्यमा थप ध्यान दिनेछौं । बैंकले निक्षेप, कर्जा, गैर ब्याज आम्दानी, ब्याज आम्दानी वृद्धि गर्ने, भौतिक पूर्वाधार विस्तार गर्ने जस्ता सुझावहरुलाई आफ्ना विभिन्न कार्यक्रमहरुमा समावेश गरि क्रमशः लागु गर्दै आइरहेको छ ।
- हाम्रा वित्तीय विवरणहरु पारदर्शी छन । बैंकले कारोबार गर्दा नेपाल राष्ट्र बैंक लगायत नियमनकारी निकायले जारी गरेका निर्देशनको पालना गरी कार्य गरिरहेको छ । नियामक एवं सरोकारवालालाई जानकारी दिनुपर्ने सम्पूर्ण विवरण समयमा सम्प्रेषण गरेको छौं । बैंकको कारोबार सम्बन्धी कुनै जानकारी आवश्यक भएमा बैंकका प्रमुख सुचना अधिकारीसँग छलफल गरी प्राप्त गर्न सक्नु हुनेछ ।
- संस्थागत सामाजिक उत्तरदायित्वको सम्बन्धमा हामी सजग छौं । बैंकले राष्ट्र बैंकको निर्देशनहरुलाई पालना गर्दै सात वटै प्रदेशमा समानुपातिक रुपमा कोषको व्यवस्था गरी सही ठाउँमा सदुपयोग हुने कार्यक्रहरु गदै आईरहेको र आगामी दिनहरुमा पनि गर्दै जाने छ । शेयरधनी महानुभावको सल्लाह अनुसार समेत कार्यक्रमहरु गर्दै जाने छौं ।

- ऋणीका गुनासाहरुको आत्मासात एवं सम्बोधन गर्दै तथा निक्षेपकर्ताको हक हित सुरक्षण गर्दै, ग्राहकमुखी बैकिङ्ग सेवा सुविधा प्रदान गर्दै सबैसँग हातेमालो गर्दै हामी मिलेर अगाडि बढ्ने छौं । यहाँहरुको चाहाना र अपेक्षा अनुरुप सबल, सफल, ग्राहकमैत्री र उचित लाभांश दिन सक्ने बैंक बन्नको लागि हामी सम्पूर्ण सिद्धार्थ बैंक बैंक परिवार कटिबद्ध रहेको आश्वासन दिलाउन चाहान्छौं ।

## १२. सभाको निर्णयहरु:

छलफलमा उठेका सवालहरु उपर सभाको अध्यक्षता गरिरहनु भएका बैंक सञ्चालक समितिका अध्यक्षज्यू तथा बैंकका प्रमुख कार्यकारी अधिकृतज्यूको जवाफ पश्चात् अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले निर्धारित सामान्य तथा विशेष प्रस्तावहरु सभाको निर्णयार्थ क्रमशः पेश गर्नु भयो । उक्त प्रस्तावहरु देहाय अनुसार पारित भएका छन् ।

### (क) सामान्य प्रस्ताव

१. सामान्य प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. १ सम्बन्धमा यस सिद्धार्थ बैंक लि.को आर्थिक वर्ष २०७९/८० को सञ्चालक समितिको बाइसौं वार्षिक प्रतिवेदन पारित गरियोस भनी पेश गरिएको प्रस्ताव सभाले सर्वसम्मतरुपमा पारित गऱ्यो ।

२. सामान्य प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. २ सम्बन्धमा बैंकको आ.व. २०७९/८० को लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण र मिति २०७९ श्रावण १ देखि २०८० आषाढ मसान्त सम्मको नाफा नोक्सान विवरण, सोही अवधीको नगद प्रवाह विवरण, स्वपुँजी (इक्विटी) मा भएको परिवर्तनको विवरण र तत् सम्बन्धी अनुसूचीहरु पारित गरियोस् भनी पेश गरिएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

३. सामान्य प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ३ सम्बन्धमा यस बैंकको सहायक कम्पनी "सिद्धार्थ क्यापिटल लिमिटेड" को आ.व. २०७९/८० को वित्तीय विवरण सहितको बैंकको एकीकृत वित्तीय विवरण (Consolidated Financial Statement) स्वीकृत गरियोस भनी पेश गरिएको प्रस्ताव सभाले सर्वसम्मतरुपमा पारित गऱ्यो ।

४. सामान्य प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ४ सम्बन्धमा कम्पनी ऐन २०६३ को दफा १११, १६५ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ६१, ६३ अनुसार बैंकको लेखापरीक्षण समिति एवं संचालक समितिले बैंकमा प्राप्त भएका प्रस्तावहरुको मूल्यांकनका आधारमा अध्ययन गर्दा लेखापरीक्षण रणनीति, लेखापरीक्षण सम्पन्न गर्न लाग्ने समयावधि, शाखा छनौटको लागि प्रयोग गर्ने मापदण्ड, बैंकिङ्ग क्षेत्रमा लेखापरीक्षण गरेको अनुभव, अन्तर्राष्ट्रियस्तरका लेखापरीक्षण संस्थासँगको सम्बद्धता, लेखापरीक्षण फर्ममा कार्यरत साझेदार FCA/CA हरुको संख्या, अन्य कर्मचारीहरुको संख्या, योग्यता र अनुभव, आफ्नो कार्यक्षेत्रमा हासिल गरेको ख्याति, लेखापरीक्षण शुल्क आदि समेतको आधारमा योग्यताक्रम अनुसार सिफारिस भएका ३ वटा लेखापरीक्षण फर्महरु S.A.R. Associates & Chartered Aaccounts, PJPN & Co. & Chartered Accounts, MRU Associates मध्येबाट आ.व २०८०/८१ को लागि बाह्य लेखापरीक्षक नियुक्ति गर्नका लागि साधारण सभा समक्ष प्रस्ताव पेश भयो ।

सो प्रस्तावमा सभाले बैंकको लेखापरीक्षण समिति एवं संचालक समितिले पहिलो स्थानमा सिफारिस गरेको लेखापरिक्षक S.A.R. Associates, Chartered Accountants लाई आ.व. २०८०/८१ को लागि बैंकको बाह्य लेखापरीक्षकको रुपमा नियुक्त गर्ने र Statutory Audit, Tax Audit, Long Form Audit Report तयारी, कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदन प्रमाणीकरण, सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन २० (१) बमोजिमको संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालना प्रतिवेदन प्रमाणीकरण लगायत प्रचलित ऐन,

कानुन बमोजिम बाह्य लेखापरीक्षकले गर्नुपर्ने सम्पूर्ण कार्यहरु गर्नको लागि पारिश्रमिक वापत कुल लेखापरीक्षण शुल्क रु. २५,००,०००/- (अक्षरेपी पच्चिस लाख रुपैंया) भ्याट सहित प्रदान गर्ने सम्बन्धी प्रस्ताव सर्वसम्मतिबाट पारित गऱ्यो ।

५. सामान्य प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ५ सम्बन्धमा बैंकको चुक्ता पूँजी रु. १४,०८,९९,८०,१८५/- (अक्षरेपी चौध अर्ब आठ करोड उनानसय लाख असी हजार एक सय पचासी रुपैंया मात्र) को ४.२१ प्रतिशतका दरले हुने रु. ५९,३१,८८,१६६/- (अक्षरेपी उनान्साठ्ठी करोड एकतीस लाख अठासी हजार एक सय छैसठ्ठी रुपैंया मात्र) नगद लाभांश ( कर प्रयोजनका लागि समेत) वितरण गर्ने सम्बन्धी सञ्चालक समितिको प्रस्ताव सभाले बहुमतले पारित गऱ्यो ।

**(ख) विशेष प्रस्ताव**

१. विशेष प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. १ बमोजिम संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत देहाय बमोजिमका विभिन्न संघसंस्थाहरुलाई सहयोग स्वरुप प्रदान गरिएका रु. एक लाख भन्दा माथिको अनुदान तथा सहयोग रकम उपलब्ध गराउने सञ्चालक समिति एवं व्यवस्थापनको निर्णयलाई कम्पनी ऐन २०६३ को दफा १०५ (१) (ग) बमोजिम अनुमोदन गर्ने सम्बन्धी विशेष प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

- कोशी अस्पताल, बिराटनगर, मोरङ्गलाई रु. ५७ लाख २३ हजार बराबरको ३ थान हेमोडायलाइसीस मेशीनहरु प्रदान ।
- रु. ५५ लाखको लागतमा राउण्ड टेबल नेपालको समन्वयमा वीरगञ्ज स्थित नारायणी अस्पतालमा डाइलाइसिस भवनको प्रबलीकरण तथा निर्माण गरी नारायणी अस्पताललाई हस्तान्तरण । साथै, रु. ६ लाख १८ हजार बराबरको १ थान २० KVA को अनलाइन UPS र २० थान ६५ Ah ब्याट्री सहयोग समेत प्रदान ।
- श्री अमरसिंह मा.वि., पोखरा, कास्कीलाई रु. २२ लाख ५० हजारको लागतमा बहुउपयोगी हल निर्माण । साथै, रु. १५ लाख चौसठ्ठी हजार बराबरको २० थान कम्प्युटर तथा USP, ब्याट्री र सोलार समेत प्रदान ।
- वित्तीय साक्षरता अन्तर्गत कान्तिपुर टेलिभिजनमा सचेतनामुलक सामाग्री प्रसारणको लागि रु. १५ लाख ५० हजारको रकम खर्च भएको ।
- जैविक विविधता र वातावरण संरक्षण गर्ने उद्देश्यले नेपाली सेनाले सञ्चालन गरेको सफा हिमाल अभियानमा रु. ६ लाख आर्थिक सहयोग ।
- त्रिपुरेश्वर स्थित नेपाल आँखा अस्पताललाई मोतिबिन्दु शल्यक्रियाको लागि रु. ५ लाख १२ हजार आर्थिक सहयोग ।
- महिला स्वास्थ्य अन्तर्गत नेपाली सेनालाई रु. ५ लाखको सेनिटरी प्याड भेन्डिङ मेसिन सहयोग स्वरुप प्रदान ।।
- महिला स्वास्थ्य अन्तर्गत हेटौडा स्थित मकवानपुर मल्टिपल क्याम्पसलाई रु. २ लाख २१ हजारको सेनिटरी प्याड भेन्डिङ मेसिन सहयोग स्वरुप प्रदान ।
- वित्तीय साक्षरता अन्तर्गत मिटर ब्याज सम्बन्धमा सचेतना फैलाउन लघु चलचित्रको विकासको लागि रु ५ लाख आर्थिक सहयोग ।
- आर्थिक अवस्था कमजोर भएका २८ जना किशोरीहरुलाई माध्यमिक, स्नातक र स्नातकोत्तर तहको शिक्षाको लागि सहयोग पुऱ्याउन ग्रामीण स्वास्थ्य तथा शिक्षा सेवा कोष (RHEST), विशालनगर, काठमाडौं लाई रु. ४ लाख ३५ हजारको आर्थिक सहयोग ।
- विशेष फौज बाहिनी अड्डा, महाराजगञ्ज, काठमाडौं परिसर भित्र फोहोर भण्डार गृह निर्माण गर्न रु. २ लाख ७५ हजारको आर्थिक सहयोग ।
- बाँके जिल्ला खजुरा स्थित सुशील कोइराला प्रखर क्यान्सर अस्पताललाई रु. २ लाख ५७ हजार बराबरको एयर कन्डिसनर सहयोग ।
- मृतक एवं अपाङ्ग पर्वतारोहीका बालबालिकाको शिक्षाको निम्ति सहयोग गर्दै आएको नेपाल पर्वतारोहण संघ मार्फत ३ जना बालबालिकालाई मासिक रु. ६ हजारको दरले एक वर्षको लागि हुन आउने खर्च रु. २ लाख १६ हजारको आर्थिक सहयोग ।

- पर्यटन विकासको निम्ति कास्की स्थित सारङ्गकोट धार्मिक एवं पर्यटक क्षेत्र विकास समितिको उपसमितिलाई नेपालको पहिलो श्री पञ्चमूखी गणेशको ३८ फिटको मूर्ति निर्माणका लागि रु. २ लाख १ हजारको आर्थिक सहयोग ।
- बझाङ्ग जिल्लाको खप्तडछान्ना गाउँपालिका स्थित प्राचिन पुरातात्विक महत्वको शक्तिपीठ श्री दुर्गा भवानी मन्दिरको पुर्ननिर्माणको लागि श्री दुर्गा भवानी मन्दिर निर्माण समितिलाई रु. २ लाख आर्थिक सहयोग ।
- कैलाली जिल्लाको मोहना-अत्तरिया ६ लेन सडक खण्डको मध्य भागमा रहेको ५० वटा बिरुवाको लागि फलामे सुरक्षा कवच सहित ३ वर्षसम्म बिरुवाहरुको मलजल, गोडमेल तथा रेखदेख सहितको लागि रु. २ लाखको आर्थिक सहयोग ।
- वन्यजन्तु संरक्षण कार्यक्रम अन्तर्गत ह्याब्रे प्रजातिको पान्डाको बारेमा जानकारी दिने उद्देश्यले ताप्लेजुङ्ग स्थित रेड पान्डा नेटवर्कलाई रु. २ लाखको डिजिटल स्किन सहयोग ।
- वित्तीय साक्षरता अन्तर्गत न्युज २४ टेलिभिजनमा सचेतनामूलक सामाग्री प्रसारणका लागि रु. १ लाख ४१ हजार आर्थिक सहयोग ।
- पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, कास्की, पोखरालाई रु. १ लाख ४० हजार बराबरको बेन्च प्रदान ।
- संस्कृती प्रवर्द्धनका लागि इन्द्र जात्रा मनाउन गंगा क्लब, काठमाडौंलाई रु. १ लाख ११ हजारको आर्थिक सहयोग ।
- नवलपरासी जिल्ला, विनय त्रिवेणी गाउँपालिका अन्तर्गको दुम्किबास/ज्यामिरे क्षेत्रमा CCTV जडानको लागि रु. १ लाख आर्थिक सहयोग ।
- नेपालगञ्जमा आयोजित ८ औं धारा नेपालगञ्ज म्याराथोनमा २,००० बढी सहभागीहरुका लागि विभिन्न स्थानमा पिउने पानीको व्यवस्थाको लागि रु. १ लाख आर्थिक सहयोग ।

२. विशेष प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. २ अर्न्तगत सिद्धार्थ बैंक लि. र अन्य कुनै उपयुक्त बैंक वा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger), बैंकले अर्को कुनै उपयुक्त संस्थालाई प्राप्ती (Acquisition) गर्न तथा वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल-अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन (Due Diligence Audit- DDA) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गर्ने, निजको पारिश्रमिक तोक्ने, गाभ्ने र गाभिने तथा प्राप्त गर्ने (Merger and Acquisition) सम्बन्धी समझदारी पत्र (Memorandum of Understanding) तर्जुमा गर्ने र अन्य आवश्यक प्रक्रिया पुरा गरी सो मा हस्ताक्षर गर्ने लगायत मर्जर तथा एक्वीजिसन तथा वैदेशिक रणनीतिक साझेदारीमा जाने सम्बन्धी अन्य आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई पूर्ण अख्तियारी दिने सम्बन्धी विशेष प्रस्ताव सभाले आवश्यक बहुमतले पारित गऱ्यो ।

(ग) **विविध -** विविध एजेण्डा अन्तर्गत कुनै विषय नभएको ।

**१३. सभा विसर्जन:**

सभाको अन्तयमा अध्यक्षज्यूले उत्साह एवं उमंगका साथ लामो समय सम्म धैर्यधारण गरी सक्रिय रुपमा छलफलमा सहभागी भई यस साधारण सभालाई सफलतापूर्वक सुसम्पन्न गर्न सहयोग गर्नु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्नु भयो ।

आगामी दिनहरु निश्चितरुपले आर्थिक दृष्टिकोणबाट कठीन छन । हामी सबै मिलेरनै व्यवस्था सुधारको लागि सरोकारवालालाई घचघच्याउने र सच्याउने काम गर्नु पर्दछ । हामी आफै व्यवस्था बाहिर गएर काम गर्दा उचित हुदैन । यस गम्भीर परिस्थितिमा हामीहरु अझ संवेदनशील भएर आफ्नो तर्फबाट के कसरी सकारात्मक काम गरी राम्रो बाटोमा लग्न सक्छौं जसले एउटा राम्रो समाज निर्माण गर्न सकिन्छ त्यस तर्फ ध्यान दिनु पर्दछ । यसरीनै अहिलेका कठिन दिनहरु पनि पार हुने छन् र आगामी दिनहरु प्रति आशावादी रहन सकिन्छ । साथै, नियामक

SiddharthaBank

निकायले पनि बचतकर्ता एवं ऋणी दुवैको पक्षको हित सोच्दै यस कठिन परिस्थितीबाट समयमै सफलतापुर्वक अवतरण गर्न आवश्यक नीति नियममा सुधार गरी समय सापेक्ष बनाउने तर्फ उचित ध्यान दिनु पर्दछ ।

कठीन अवस्थामा पनि यस बैंक अझै सुदृढ भई काम गर्दै जानेछ । भविष्यमा आउने चुनौतीहरुको सामना गरी आदरणीय शेयरधनी महानुभावले दिनुभएका सल्लाह, सुझावहरुलाई आत्मसाथ गरी थप उर्जाका साथ अगाडी बढ्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

अध्यक्षज्यूले यस सभाको सूचनासाथ पठाइएको सम्पूर्ण सामान्य तथा विशेष प्रस्तावहरु सभामा पेश भई विस्तृत छलफल भएको र सम्पूर्ण प्रस्तावहरु सभाबाट सर्वसम्मत रुपमा/बहुमतले रुपमा पारित भएको घोषणा गर्नुभयो । सभाध्यक्षले आगामी दिनमा बैंकलाई थप नयाँ उचाईमा पुऱ्याउने गरी आफुहरुले कार्य गर्ने प्रतिबद्धता व्यक्त गर्दै उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु, बैंकलाई निरन्तर सहयोग एवं मार्गदर्शन प्रदान गर्ने श्री नेपाल राष्ट्र बैंक, श्री कम्पनी रजिष्ट्रारको कार्यालय, श्री नेपाल धितोपत्र बोर्ड, श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड एवं बाह्य लेखापरीक्षक प्रति हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्नु भयो । साथै, बैंकको व्यवस्थापन तथा समस्त कर्मचारी वर्गको लगनशिलता र समर्पित सेवाभावको प्रशंसा गर्दै आगामी दिनहरु सबैका लागि राम्रा हुन, सबैको मङ्गल होस भनी कामना गर्दै बाइसौं वार्षिक साधारण सभाको कार्यक्रम अपरान्ह २:०० बजे सभा विसर्जन गर्नु भयो ।

लक्ष्मण घिमिरे
(कम्पनी सचिव)

SiddharthaBank

मनोज कुमार केडिया
(अध्यक्ष)

मिति : २०८०/०८/०५